फोन.नः ०४८-५४०११२
०४८-५४०५९८

मन्थली नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
मन्थली,रामेछाप
वागमति प्रदेश,नेपाल

च.नं. प.सं

हलुका सवारी चालक(ड्राईभिङ) तालिममा सहभागी हुनको लागि आवेदन पेश गर्ने सम्वन्धी सूचना ।
(दोस्रो पटक सूचना प्रकाशित मिति २०७७/०९/१०)

मन्थली नगरपालिकाको चालु आ.व. २०७७/७८ को महिला विकास तर्फको स्वीकृत बार्षिक कार्यक्रम अनुसार यस नगरपालिका पालिका (वडा १ देखि १४) भित्रका १५ जना महिलाहरुको लागि निः शुल्क हलुका सवारी चालक (ड्राईभिङ )तालिम सञ्चालन गर्ने कार्यक्रम रहेकोले ड्राईभिङ पेशा/व्यवसाय गर्न इच्छुक देहायको योग्यता भएका महिलाहरुलाई देहायको कागजातहरु सहित पहिलो पटक प्रकाशित १५ दिने सूचना अनुसार आवेदकको संख्या पर्याप्त मात्रमा नआएकोले दोस्रो पटकको सूचना प्रकाशित भएको मितिले ७ दिन मिति २०७७/९/१७ गते भित्र कार्यलय समयमा यस नगरपालिकाको कार्यालयमा निवेदन पेश गर्नु हुन सूचित गरिन्छ ।

**क) आवश्यक योग्यता :**

१) कम्तिमा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।

२) नेपाली नागरिक हुनुपर्ने ।

३) कम्तिमा आधारभूत तहको शिक्षा प्राप्त गरेको हुनुपर्ने ।

४) मन्थली नगरपालिका (वडा १ देखि १४) भित्र स्थाई वसोवास गरेको हुनुपर्ने ।

**ख) पेश गर्नु पर्ने कागजातहरु ,**

१, निवेदन ।

२.नगरिकताको प्रतिलिपि ।

३.कम्तिमा आधारभूत तह उतिर्ण प्रमाण पत्र ।

४.पासपोर्ट साईजको फोटो दुई प्रति ।

५.विवाह वा वसाई सराई गरी आएको भए उक्त प्रमाण पत्रको प्रतिलिपि ।

६ आवेदकले .सम्वन्धित वडा कार्यलयवाट आफु वा आफ्नो परिवार विपन्न भनि गरिएको सिफारीस पत्र ।

**ग) विपन्न ,असहाय , दलित ,एकल महिलालाई विशेष प्राथमिक्ता दिईने छ ।**

**घ) तालिम संञ्चालन मन्थलीमा संञ्चालन गरिनेछ ।**

**ङ) यस तालिम अवधिभर खाना र वासको व्यवस्था सहभागी आफैले गर्नु पर्ने छ ।**

थप जानकारीको लागि मन्थली नगरपालिकाको महिला बालबालिका तथा समाजकल्यण उपशाखा वा फोन नं ०४८-५४०११२ सम्पर्क राख्न सकिने छ ।

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकिय अधिकृत